आज मिति २०८१ साल असोज १३ गते आइबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८१/०८२ को तेस्रो बैठक नगर प्रमुख श्री आनन्दराज त्रिपाठीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितिः

१. श्री आनन्दराज त्रिपाठी (नगर प्रमुख) —
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री दिबाकर पौडेल - प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१५. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

अन्य उपस्थितिः

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री अमृता बस्नेत (वरिष्ठ प्रशासन सहायक)
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)

भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०६/१३ गते बसेको आ.व.२०८१/०८२ को तेस्रो बैठकका निर्णयहरु:

निर्णय नं.१ भानु नगरकार्यपालिकाको मिति २०८१/०४/०७ गते बसेको आ.व.२०८१/०८२ को तेस्रो कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ६ वटा निर्णयहरु भएकोमा बजार अनुगमन र विविध गरी २ वटा निर्णय मात्र कार्यान्वयन हुन बाँकी रहेको र अन्य निर्णयहरु कार्यान्वयन भएको पाइयो।

निर्णय नं.२ मिति २०८१ साल असोज १० गते देखि देशका अधिकांश स्थानमा परेको अविरल वर्षाका कारण बाढी पहिरो र डुवानका घटनाहरुबाट मृत्यु हुने मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै घाईतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । खोज तथा उद्धार र राहतका लागि सबै प्रभावितहरुको खोज तथा उद्धार र राहतको कार्यलाई उच्च प्रथमिकताका साथ निरन्तरता दिईयोस भन्ने नेपाल सरकारसँग अनुरोध गर्दछौं ।

निर्णय नं.३ भानु नगरपालिकाको अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट ईजाजत व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा तपसिल बमोजिमको कार्यदल गठन गरी उक्त मस्यौदाको गहन अध्ययन गरी अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपसिल:

| | | |
|---|---|---|
| संयोजक | - | श्री आनन्दराज त्रिपाठी, प्रमुख |
| सदस्य | - | श्री दिवाकर पौडेल, प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | - | श्री कान्छीमाया तामाङ, १ नं. वडा अध्यक्ष |
| सदस्य | - | श्री धिरेश खनाल, ६ नं. वडा अध्यक्ष |
| सदस्य | - | श्री ईश्वर बहादुर घिमिरे, ८ नं. वडा अध्यक्ष |
| सदस्य | - | श्री विमलराज जोशी, ११ नं. वडा अध्यक्ष |

निर्णय नं.४ विभिन्न कार्यविधि सम्बन्धमा:

क) MBBS अध्ययनका लागि छात्रवृत्ति वितरण कार्यविधि, २०८१ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

ख) भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालयले आ.व २०८१/०८२ मा भुमि वैंक स्थापना गरी बाँझो जग्गामा कृषि कार्यक्रम संचालन गर्ने कार्यक्रम राखिएकोमा भानु नगरपालिका भित्रका कुनै जग्गा धनिले आफ्नो नाममा रहेको जग्गा कुनै कारणवस आफै उपयोग गर्न नचाहेमा वा नसक्ने अवस्था रहेका त्यस्ता जग्गा भुमि

बैंकमा राख्न आह्वान गर्दै जानकारीको लागी सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो।

ग) भानु नगरपालिका नगर कार्यपालिकाको कार्यलयबाट आ.व २०८१/०८२ मा उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनका लागि उत्पादकवाट कृषि उपज खरिद गर्न चाहाने कृषक समुह, कृषि सहकारी, कृषि उपज खरिद विक्रि केन्द्र, साझेदार कृषि बजार, संकलन केन्द्र लगायत विभिन्न सस्थालाई सुचिकृत हुनको लागी सार्वजनिक सुचना प्रकाशन गर्ने निर्णय गरियो।

घ) भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालयले आ.व २०८१/०८२ मा हाट बजार कार्यक्रम संचालनको लागि सहभागि हुन चाहाने कृषि सहकारी, कृषक समुह, टोल विकास समिति लगायत विभिन्न संघ सस्थालाई आवेदन दिन सार्वजनिक सुचना प्रकाशन गर्ने निर्णय गरियो।

ङ) पशुपंक्षी तथा मत्स्य विकास शाखाबाट सञ्चालन गर्ने कार्यक्रम कार्यविधि, २०८१ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

च) नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.५</u> भानु नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, फुस्रेटार तनहुँ र खड्गदेवी कन्स्ट्रक्सन बन्दिपुर-०४, तनहुँ बिच १,७९,९९,६०७.६०। लगत इस्टिमेट भएको योजना upgrading of V.C. Sher Bahadur Motor Marga (ठेक्का नं. BHMUN/ROAD/NCB/2076/77/09) को मिति २०७६/११/०४ मा रु. १,१६,९४,१८९.६९ मा २०७७/२/२५ सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्ने म्याद राखी सम्झौता भएकोमा मिति २०८१/०२/२० गते बसेको आ.व. २०८०/०८१ को चौधौं बैठकको निर्णयानुसार ठेक्का खारेज गरी कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचल काठमाडौंलाई सिफारिस साथ लेखिं पठाईएको, ठेक्का खारेज भई संझौता अन्त्य भएको कारणले संझौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न लाग्ने रकम रु. १,४४,८४,३३९.०५/- (अक्षरुपी एक करोड चौवालिस चौरासी हजार तिन सय उनन्चालिस रुपैयाँ पाँच पैसा) निर्माण व्यवसायी श्री खड्गदेवी कन्स्ट्रक्सन, बन्दिपुर ४, तनहुँबाट सरकारी बाँकी सरह असुल उपर गर्न पत्राचार गरी कारवाहि अगाडी बढाउने र यस आ.व. २०८१/०८२ मा क्रमागत भि.सि. शेरबहादुर मार्ग शिर्षकमा विनियोजित बजेट रु. ७५,००,०००/-



कार्यपालिकाको निर्णय प्रमाणित गरिन्छ।

भएकोले पुनः लगत इष्टिमेट तयार गरी बोलपत्र आव्हान प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

<u>निर्णय नं.६</u> तनहुँ जिल्ला अन्तरगतका भानु नगरपालिका, बन्दिपुर गाउँपालिका आँबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिकाका सेवा ग्राहीलाई जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा सुविधाहरु छिटो, छरितो र सहज तवरले प्राप्त गर्नका लागि तिन वटै पालिकालाई पायक पर्ने भानु नगरपालिका वडा नं.२ को उपयुक्त स्थानमा ईलाका प्रशासन कार्यालय स्थापनार्थः सम्बन्धित निकायमा सिफारिस गर्नका लागि जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउने निर्णय गरियो ।

<u>निर्णय नं.७ विविध विषय सम्बन्धमाः</u>

क) वर्षातका कारण सार्वजनिक यातायात सञ्चालनमा कठीनाई भएका सडकहरुको चाडपर्व अगाडी नै यातायात सञ्चालन हुने गरि सडक सुधार, सरसफाई तथा मर्मत सुधार गर्नुपर्ने हुदाँ वडा नं. ५ देखि १३ को लागि लगत ईस्टिमेट तयार गरी लगत ईष्टिमेट बमोजिमको कार्य गर्ने र लगत ईष्टिमेट अनुसार कार्य सम्पन्न भएका खण्डको मुल्याङ्कन भएको बढीमा रु. एक लाख सम्मको रकम कार्यक्रम खर्च पूँजीगत र कार्यक्रम खर्च चालु शीर्षकबाट भुक्तानी दिने तथा वडा नं.१ देखि ४ नं. को लागि नगरपालिकामा रहेको ब्यक हो लोडर प्रयोग गर्ने र लगत ईष्टिमेट रु एक लाख सम्मको कार्य गर्न आवश्यक ईन्धन हेभी ईक्युप्मेन्ट मर्मत सम्भार तथा सञ्चालन खर्चबाट भुक्तानी दिने निर्णय गरियो ।

ख) श्री आदिकवि भानुभक्त जन्मस्थल विकास समिति भानु नगरपालिका तनहुँ, भानु नगरपालिकाको कार्यालय फुस्रेटार तनहुँ र भानु नगरसभा, भानु नगरपालिका तनहुँ विरुद्धको उत्प्रेषण सहितको मुद्दा निवेदक शंकर रानाभाटबाट सम्मानित सर्वोच्च अदालगतमा २०८१/०६/०२ गते दर्ता भएको छ । यस सम्बन्धमा सम्मानित अदालतको अन्तरिम आदेशको छलफल एंव मुद्दाको पक्षमा रही गर्नुपर्ने सम्पूर्ण कार्य गर्नका लागि भानु नगरपालिकाको कानूनी सल्लाहकार अधिवक्ता (प्र.प्र.नं.१७०५२) श्री योगेश्वर भण्डारीलाई अख्तियारीनामा प्रदान गर्ने निर्णय गरियो । साथै भानु नगरपालिकाको १४ औं नगरसभाले पारित गरेको आदिकवि भानुभक्त जन्मस्थल विकास समिति सञ्चालन ऐन, २०८१ को दफा ८ को उपदफा २ बमोजिमको अधिकार प्रयोग गरी गरिएको कार्यकारी अधिकृतको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

कार्यपालिकाको निर्णय प्रमाणित गरिएको/
२०८१/०६/१२
दिवाकर पौडेल
प्रशासकीय अधिकृत

२०८१/०६/१२
आजिन्द राज त्रिपाठी
प्रमुख

ग) भानु न.पा. वडा नं. ९ काउरेटार स्थित २ वटा आँपका रुखहरु र वडा नं.१ स्थित भानु रंगशालामा रहेका ६ वटा आँपका रुखहरु र घरका आसपासका २ वटा रुखहरु कटान गर्ने तथा ग्रीनपार्क अगाडि रहेको चौतारोका हागाँ विगा काट्नका लागि डिभिजन वन कार्यालयसँग समन्वय तथा आवश्यक प्रकृया अविलम्ब अगाडी बढाउने निर्णय गरियो ।

घ) आर्थिक सहायता, लगायतका विभिन्न सहायताका लागि रकम उपलब्ध गराइ पाउँ भनी पर्न आएका निवेदन उपर छलफल गरी तपसिल बमोजिमको कार्यको लागि निम्न बमोजिमको रकम अन्य सामाजिक सुरक्षा एंव आर्थिक उपचार शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | कार्यक्रम | ठेगाना | रकम | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १. | निर्मला तामाङ | भानु ३ | २०,००० | अ.सा.सु.एंव आ.उ. | आर्थिक सहायता |
| २. | ढुकुर्दी प्रगतीशिल युवा क्लव | भानु ३ | ३०,००० | अ.सा.सु.एंव आ.उ. | आर्थिक सहायता |
| ३. | दुर्गामाया सार्की | भानु ४ | १५,००० | अ.सा.सु.एंव आ.उ. | आर्थिक सहायता |
| ४. | चुँदी वेसी टोल सुधार समिति र चण्डी देवी आमा समूह | भानु ४ | ३०,००० | अ.सा.सु.एंव आ.उ. | पिङ बनाउन लागि आर्थिक सहायता |
| ५. | बग्रेखोला युवा क्लव | भानु ४ | १०,००० | अ.सा.सु.एंव आ.उ. | साँस्कृतिक कार्यक्रम आ.सा. |
| ६. | पद्ममन्दिर सेवा समिति | भानु ६ | २५,००० | अ.सा.सु.एंव आ.उ. | कुर्ची खरिद लागि आर्थिक सहायता |
| ७. | आस्था कृषि तथा पशुपन्छी फर्म | भानु ६ | २०,००० | अ.सा.सु.एंव आ.उ. | खाँस काट्ने मेसिन खरिदका लागि । |
| ८. | The Positive Nation bhanumunicipality-1 | भानु १ | २०,००० | अ.सा.सु.एंव आ.उ. | सांगितिक कार्यक्रम सञ्चालनका |
| ९. | केशर बहादुर अधिकारी | भानु ६ | १५,०००। | अ.सा.सु.एंव आ.उ. | आर्थिक सहायता |
| १०. | अञ्जना श्रेष्ठ | भानु ४ | १५,०००। | अ.सा.सु.एंव आ.उ. | आर्थिक सहायता |
| ११. | दुर्गा माया सार्की | भानु ४ | १५,०००। | अ.सा.सु.एंव आ.उ. | आर्थिक सहायता |
| १२. | तोत्र बहादुर पण्डित | भानु १२ | १०,०००। | अ.सा.सु.एंव आ.उ. | आर्थिक सहायता |
| १३. | सावित्री कुमाल | भानु १० | १५,०००। | अ.सा.सु.एंव आ.उ. | आर्थिक सहायता |
| १४. | सुर्य बहादुर गुरुङ्ग | भानु १० | १५,०००। | अ.सा.सु.एंव आ.उ. | आर्थिक सहायता |
| १५. | सर्लेश बोट | भानु १ | ३०,०००। | अ.सा.सु.एंव आ.उ. | उपचार खर्च |
| १६. | भिमसेन युवा परिवार | भानु १ | ३०,०००। | अ.सा.सु.एंव आ.उ. | खेलकुद सामग्री खरिद |
| १७. | एकता बुहारी समाज | भानु १ | २०,०००। | | दशै शुभकामना आदान प्रदान |
| १८. | तिलक तामाङ | भानु ८ | ३०,०००। | अ.सा.सु.एंव आ.उ. | आर्थिक सहायता |
| १९. | बलीफाँट सामुदायिक भवन | भानु ८ | ३०,०००। | अ.सा.सु.एंव आ.उ. | आर्थिक सहायता |
| २०. | चुन माया तामाङ | भानु ४ | ३०,०००। | अ.सा.सु.एंव आ.उ. | कुँवेदमा अलपत्र परेको आ.सा. |
| जम्मा | | | ४,२५,०० | | |

कार्यपालिकाको निर्णय प्रमाणित गरिएको



आनन्द राज त्रिपाठी
प्रमुख

ङ) भानु नगरपालिका रिक्त सूचना प्रविधी अधिकृत र मेडिकल अधिकृतको पदपुर्ति प्रक्रिया अगाडी बढाउन पदपुर्ति समितिलाई निर्देशन गर्ने साथै सूचना प्रविधि अधिकृतको हकमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम साविक (LGCDP) कार्यक्रम कार्यान्वयन इकाइ पोखरासँग समन्वय गरी पदपूर्ति प्रक्रिया अगाडि बढाउने र मेडिकल अधिकृतको हकमा भानु नगरपालिकाको प्राविधिक जनशक्ति व्यवस्थापन कार्यविधि, २०७४ को व्यवस्था बमोजिम प्रक्रिया पुरा गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

च) पूर्व मन्त्री गोविन्दराज जोशी द्वारा लिखित विपिवाद (बीपी विचार राष्ट्रिय समाज) नामक पुरस्तक रु.३०,०००। बराबरको खरिद गरी पुस्तक तथा सामग्री खरिद शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

छ) मिति २०८१/०६/११ गते उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयबाट प्राप्त पत्र बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ (चौथो संशोधन सहित) को दफा १० उपदफा २ बमोजिम प्रदेश सरकारका मन्त्रालयबाट कार्यान्वयन हुने गरि रकम विनियोजन भएको कुनै आयोजना तथा कार्यक्रम भानु नगरपालिका मर्फत कार्यान्वयन गर्नुपर्ने भएमा यस नगरपालिकाको सहमती प्रदान गरिदिन माग गरे बमोजिम गण्डकी प्रदेशमा खानेपानी सरसफाई तथा स्वच्छता (WASH) कार्ययोजना तयारी कार्य कार्यक्रमको पूर्व सहमती प्रदान गर्ने निर्णय गरियो ।

ज) भानु नगरपालिका वडा नं.६ मा रहेको खत्री खोलाको पुल निर्माणका लागि गण्डकी प्रदेश सरकारबाट रु.२०,००,०००। लाख रकम विनियोजन भएको हुदाँ उक्त पुल निर्माणमा रु. २०,००,०००।भन्दा बढी लाग्ने रकम लगत अनुमान तथा लगत ईस्टिमेटको आधारमा हुने प्राविधिक मूल्याङ्कन र प्रतिवेदन बमोजिम भानु नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

झ) भानु नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम मर्स्याङ्दी नदी अन्तर्गत रहेका घाटबाट नदीजन्य पदार्थ (ढुंगा गिट्टी, बालुवा) संकलन, उपयोग र बिक्री वितरणका लागि ठेक्का बन्दोबस्त गर्न यस कार्यालयबाट खटिएको प्राविधिक टोलीबाट पेश भएको प्रतिवेदन अनुसार (IEE) को मान्य अवधि ३ वर्षको भएकोले ठेक्का बन्दोवस्त गर्न मिल्ने भएको हुदाँ प्राविधिक प्रतिवेदन अनुसार तपसिल बमोजिमका घाटहरुबाट तपसिलमा उल्लेख भए बमोजिमका परिमाण उत्खनन तथा विक्रि वितरणका लागि ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।



आनन्द राज त्रिपाठी
प्रमुख

| सि. नं. | घाटको विवरण | स्वीकृत IEE प्रतिवेदन बमोजिम उत्खनन् स्थलमा रहेको जम्मा परिमाण | स्वीकृत IEE प्रतिवेदन बमोजिम उत्खनन् गर्न सकिने अधिकतम् परिमाण | आ.व. २०८०/८१ मा बिक्रीका लागि प्रस्तावित अधिकतम् परिमाण (घ. मी.) | आ.व. २०८१/८२ मा बिक्रीका लागि प्रस्तावित अधिकतम् परिमाण (घ. मी.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बालुवा घाट, भानु -१ | १४७३१.०० | ११०४८.०० | ११८८०.०० | ११८८०.०० | |
| २. | अँधेरी घाट, भानु -१ | ४१०१.०० | ३४८६.०० | ३४८६.०० | ३४८६.०० | |
| ३. | बुडुवा घाट, भानु -२ | ६३८९.०० | ५४३२.०० | ३८३३.०० | ३८३३.०० | |
| ४. | आम्बोटे घाट १, भानु -२ | १५३०.०० | १३७७.०० | ९१८.०० | ५१५.०० | |
| ५. | खहरे घाट, भानु -३ | ३४२२.०० | २७३८.०० | २०५३.०० | २०५३.०० | |
| ६. | जयबुद्द घाट, भानु -३ | १०३५०.०० | ९३१५.०० | ६२१०.०० | ६२१०.०० | |
| ७. | चाम्बास घाट, भानु -३ | २९४०.०० | २६४६.०० | १७६४.०० | १७६४.०० | |
| ८. | कुर्कुना घाट, भानु -३ | १४८०.०० | १३३२.०० | ८८८.०० | ८८८.०० | |
| ९. | डुकुर्दी घाट, भानु -३ | २८८६.०० | २५९८.०० | १७६२.०० | १७३२.०० | |
| १०. | बलीफाँट घाट, भानु -८ | २८९०.०० | २३१२.०० | २३१२.०० | २३१२.०० | |
| ११. | बेनीबगर घाट, भानु -८ | ५३२०.०० | ४२५६.०० | ४२५६.०० | २६६५.०० | |
| १२. | पाताल घाट, भानु ९ | १९६५.०० | १३७६.०० | ११७९.०० | ११७९.०० | |
| १३. | लखु ढुंगा घाट, भानु ९ र १० | १५७५.०० | १४१८.०० | ८५०.०० | ८५०.०० | |
| १४. | रयाले घाट, भानु १० | ३७२०.०० | ३३४८.०० | २२३२.०० | २२३२.०० | |

कार्यपालिकाको निर्णय प्रमाणित गरिएको

२०८१/०६/१६

दिबाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

२०८१/०६/१३
आनन्द राज त्रिपाठी
प्रमुख